बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. २१

बी.स.९८ (२०७६/०७७) च.नं. ४०३७

मिति: २०७६/१२/२०

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

विषय: **निर्देशन सम्बन्धमा।**

विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) का कारण नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गरेको अवस्थामा उक्त अवधि भरका लागि सङ्क्रमणबाट सजग रही सम्पूर्ण बीमक, अभिकर्ता, सर्भेयर, सर्वसाधरणको जानकारीका लागि मिति २०७६।१२।१० को परिपत्र नं. १८ र मिति २०७६।१२।१३ को परिपत्र नं.१९ मा जारी भएका विषयहरुमा संसोधन गरी देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही अनुसार गर्न गराउनुहुन निर्देशन गरिएको छ :-

(क) कोभिड-१९ को संक्रमणका कारण सृजना भएको असामान्य परिस्थितिमा बीमा अवधि समाप्त भएको बीमालेखको हकमा सम्बन्धित बीमितको लिखित अनुरोध (विद्युतीय माध्यमबाट प्राप्त समेत) का आधारमा बीमालेख नवीकरण गर्ने,

(ख) जीवन बीमा सम्बन्धी प्रिमियम संकलन गर्ने समयावधि वैशाख मसान्तसम्म थप गर्ने। उक्त अवधिको व्याज नलाग्ने व्यवस्था मिलाउने,

(ग) चैत महिनामा नवीकरण गर्नुपर्ने बीमा अभिकर्ता र सर्भेयरको ईजाजतपत्र नवीकरणको म्याद वैशाख मसान्तसम्म थप गरी सो वापत जरिवाना नलाग्ने व्यवस्था मिलाउने,

(घ) निर्जीवन बीमकले तत्काल सिर्जना हुने दाबी भुक्तानीको लागि विद्युतीय माध्यमबाट समेत निवेदन प्राप्त भएमा अवस्था सामान्य भएपछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दाबी भुक्तानी गर्ने।

**(राजु रमण पौडेल)**
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np